साहित्यकार नन्दलाल गौतम : एक चिनारी

विष्णु चन्द्र गौतम

विश्वको पाँचौं सर्वोच्च शिखर मकालु हिमाल र सप्तकोशी नदीको सबैभन्दा ठूलो सहायक नदी अरुण अदीको छत्र छायाँमा हुर्की बढी गर्नु भएका साहित्यकार नन्दलाल गौतमको जन्म पिता रंगलाल गौतम र माता सरस्वती गौतमको कोखबाट विसं २०१२ साल वैशाख २६ गते संखुवासभा जिल्लाको चन्दनपुर हालको खाँदबारी नपा.१० मा भएको थियो । प्राकृतिक रूपमा अत्यन्त रमणीय अरुण उपत्यकामा जन्मनुभएका कारणले होला उहाँमा बालककालदेखि नै साहित्य क्षेत्रमा अभिरुचि जागृत भएको थियो । उहाँ सानैबाट विराट प्रतिभाका धनी व्यक्तित्व हुनुहुन्थ्यो । लगनशीलता, अटलता, सिर्जनशीलता र निडरता उहाँमा सानै उमेरदेखि नै पर्यायकै रूपमा रहेका थिए । उहाँमा राजनीतिक, सांस्कृतिक, शैक्षिक तथा धार्मिक चेतना अत्यन्त उच्चस्तरको रहेको थियो ।

चालचलनहरूले गाँजिएको समाजमा पढ्नका लागि उहाँले सानैदेखि नै संघर्ष गर्नुपरेको थियो । जस्तै अफठ्यारो परिस्थितिमा पनि उहाँले आफ्नो अध्ययनलाई कहिल्यै विश्राम दिनुभएन उहाँ पढाइमा अत्यन्त तेज हुनुहुन्थ्यो । संस्कृतका धेरै श्लोक, मन्त्र र व्याकरण कण्ठस्थ थियो ।

चन्दनपुर भाषा पाठशालापछि उहाँले आबाल ब्रह्मचारी षडानन्द अधिकारीले स्थापना गर्नुपएको भोजपुर दिङ्ला पाठशालामा अध्ययन गर्नुभयो र निमावि तह उत्तीर्ण गर्नुभयो । त्यसपछि त्यहाँको विद्यालयमा त्योभन्दा माथिको कक्षा नहुने कारण धरान पिण्डेश्वरस्थित विद्यालयमा छात्रावास बसेर अध्ययन गर्नुभयो । यही विद्यालयबाट उत्तर मध्यमा तह उत्तीर्ण गर्दै थप अध्ययनका लागि काठमाडौंस्थित वाल्मीकि विद्यापीठ जानुभयो र आफ्नो अध्ययनलाई अगाडि बढाउनुभयो । धनकुटा क्याम्पसबाट बि.एड र त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर पनि उत्तीर्ण गर्नुभएको थियो । लगभग तीन दशक जति संखुवासभा जिल्लाका विभिन्न विद्यालयहरूमा नेपाली विषयको माध्यमिक तहको शिक्षक भएर राष्ट्र र समाजको सेवा गर्नुभयो ।

उहाँमा वेद, पुराण, उपनिषद, गीता आदि धार्मिक ग्रन्थहरूको अथाह ज्ञान रहेको थियो । आफ्नो धर्म र संस्कृतिलाई धेरै नै माया गर्नुहुन्थ्यो । आफू बसेको स्थान दुर्गम क्षेत्रमा रहनु, सञ्चारको पहुँच कम हुनु र आर्थिक अवस्था त्यति सहज नहुनुका कारण उहाँको विराट प्रतिभा राष्ट्रिय स्तरसम्म प्रस्फुटित हुने अवसर प्राप्त गर्ने सकेन तर उहाँमा अद्भूत साहित्यिक प्रतिभा रहेको थियो । दिङ्ला पाठशालामा पढ्दा खेरी उहाँलाई एकपटक पुस्तक र कलम किन्ने पैसा नहुँदा भारतको आसाममा रहेका आफ्ना पिता रंगलाल गौतमलाई कवितात्मक लयमा चिठी लेखी पठाउनु भएको थियो । यसलाई उहाँको पहिलो साहित्यिक रचना मान्न सकिन्छ । त्यो चिठीको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

'स्वस्ती श्री छ पिताजीका चरणमा शिरले नमस्कार गरी
बिन्ती गर्छु हजुरलाई पहिले केवल चरणमा परी
आनन्दै सब छौं यहाँ हजुरका केवल आशिर्वादले
यहाँको व्यवहार छोडी प्रभुजी जानुभयो परदेशैमहाँ
जानेको छैन मैले रतिभर के गरी बस्नु यहाँ ॥'

यसरी कवितात्मक लयमा चिठी लेखेरै आफूलाई चाहिनै कुराहरू आफ्ना पिताजीबाट माग्नुभएको थियो जुन चिठी उहाँका पिताजीलाई कण्ठस्थै थियो र उहाँले जीवनभर लय हालेर गाइरहनुभयो । विद्यालय वा अन्यत्र साहित्यिक कार्यक्रमहरू हुँदा उहाँलाई सबैले कविता सुनाउन अनुरोध गर्दथे । उहाँ कविता लयात्मक ढंगमा सुनाउनुहुन्थ्यो । दर्शक स्रोताहरूले औधि मनपराउदथे ।

उहाँले आफ्नो जीवनकालमा आफ्नो ठूलो इच्छा हुँदाहुँदै कुनै पनि साहित्यिक कृति प्रकाशन गर्न पाउनुभएन, किनकि प्रकाशनको तयारी हुँदाहुँदै कोरोनाको महामारीले उहाँलाई २०७७ साल मंसिर ८ गते चटक्क चुँडेर लग्यो । तर, उहाँकी श्रीमती सावित्रा गौतम र पाँच भाइ छोराहरूले उहाँका केही कृति प्रकाशन गरिदिइसक्नु भएको छ र केही प्रकाशनको चरणमा रहेका छन् । उहाँका प्रकाशित कृतिहरूमा प्रतिबिम्ब कविता संग्रह, योगमाया खण्डकाव्य, अवाल ब्रम्हचारी षडानन्द खण्डकाव्य र आत्मचिन्तन अध्यात्मकाव्य रहेका छन् भने वेदमा विज्ञान प्रकाशनको तयारीमा रहेको छ ।

प्रतिबिम्ब कविता संग्रहमा ८३ वटा छन्दोबद्ध कविता रहेका छन् । आत्मचिन्तन अध्यात्मकाव्य खण्डकाव्य हो जसमा अध्यात्मको महत्त्व र आवश्यकतालाई कविताको लयमा सविस्तार वर्णन गरिएको छ । त्यस्तैगरी आबाल ब्रह्मचारी षडानन्द खण्डकाव्यमा गुरु महाराज षडानन्दको जीवनीलाई वर्णन गरिएको छ । योगमाया खण्डकाव्यमा भन्ने राष्ट्रिय व्यक्तित्व योगमायाको जीवनी र उनका कार्यहरूको वर्णन गरिएको छ । प्रकाशोन्मुख कृति वेदमा विज्ञानमा चार वेदको विज्ञानलाई खोज्ने प्रयास गरिएको छ । यसरी नेपाली समाज र साहित्यका उज्ज्वल तारा नन्दलाल गौतमलाई समस्त साहित्य र संस्कृति प्रेमी नेपालीहरूले सदैव सम्झिरहनेछन् । उहाँको नाममा सावित्रा-नन्दलाल गौतम स्मृति सेवा समाज नामक संस्था पनि स्थापना भएको छ ।

'भूगोल साहित्य समाज'को छब्बीसौं रचना वाचन शृंखला सम्पन्न

काठमाडौं । 'भूगोल साहित्य समाज' ले छब्बीसौं रचना वाचन शृंखला सम्पन्न गरेको छ । समाजका अध्यक्ष विनोद नेपालको अध्यक्षतामा राष्ट्रिय वाणिज्य बैंकको सभाहल दरबारमार्गमा कार्यक्रम सम्पन्न भएको हो । संस्थाका सचिव शैलेन्द्रकुमार शाहले सहजीकरण गरेको कार्यक्रममा पद्य लय र गद्य लयका कविता, गजल, मुक्तक, गीत, छेस्का कविता वाचन गरिएको थियो ।

कार्यक्रममा रचना वाचन गर्नेमा कविहरूमा बमबहादुर थापा 'जिताली', जनार्दन पौडेल, मुकुन्द पौडेल, वासुदेव ठकुरी, लव खड्का, धरणीधर गुरागाई, मित्रलाल पंज्ञानी, महेशराज खरेल, कृष्णप्रसाद पौडेल 'जस्ताघरे', दीपक लोहनी, निमबहादुर वली, धन्वन्तरी मिश्र 'कात्यायन', टेकबहादुर लौडारी, महेशप्रसाद रिजाल, मुकुन्द अर्याल, शैलेन्द्रकुमार शाह, चेवन बस्नेत 'ठूलाघरे', हरिश्चन्द्र गौतम लगायतका रहनुभएको थियो ।

डा.बमबहादुर थापा जिताली प्रमुख अतिथि रहेको कार्यक्रममा मानार्थ सदस्य उद्धव खनाल विशिष्ट अतिथिका रूपमा रहनुभएको थियो ।

Rainadevi Chhahara Rural Municipality
Office of the Rural Municipal Executive

Chhahara, Palpa
Lumbini Province, Nepal

Re-Invitation for Bids

Date of Third Publication : 09th May, 2025 (2082-01-26)

1. Rainadevi Chhahara Rural Municipality Re-invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichhaharamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

S. N.	Contract ID	Work Description	Bid Submission Date	Bid Opening Date	Bid Validity & Bid Security Validity	Bid Security Amount	Cost of Bidding Document
1	RRM/PAL/W/ NCB-12-081/82	Construction of Siddeshwor Health Unit	02nd Jestha 2082, 12:00PM	02nd Jestha 2082, 1:00PM	90 & 120 days	Rs. 38,000.00	Rs. 3,000.00

Chief Administrative Officer

Province Government
Ministry of Physical Infrastructure Development
Urban Development and Building Office
Koshi Province, Biratnagar, Nepal

INVITATION FOR BID

Date of Publication: 2082/01/26 (9th May, 2025)

Urban Development and Building Office, Morang invites E-Bid From Eligible bidder's for following works under Sealed Quotation (SQ), Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal **www.bolpatra.gov.np/egp** with Public EntityName:- **UDBO, Morang** and website **http://udbomorang.p1.gov.np/**

S. N.	IFB/RFP/EOI/PQ No.	Project Title	Estimated Amount in Rs. (Exclusive of VAT and Contingencies)	Bid Security fee (Rs.)	Remarks
1	UDBO/Morang/SQ/ Works/79-2081/82	Construction of Dip Jyoti Basic School Building, Belbari-9	1,712,103.25	50000	Re-Bid

Last Date of Bid Submission: - 25-May-2025, (2082/02/09) (Time 12:00PM)
Last Date of Bid Opening : - 25-May-2025, (2082/02/09) (Time 01:00 PM)
Bid validity/Bid security Validity: - 45 days/75 days after last date of bid submission.
Bid document fee: - Nrs. 1000/-

नेपाल सरकार
शहरी विकास मन्त्रालय
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
बबरमहल, काठमाडौं

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०१/२६ गते

यस कार्यालयको बोलपत्र आह्वानको सूचना अनुसार नियमानुसार www.bolpatra.gov.np/egp मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०२/०२ गते दिनको १२:०० बजे यस कार्यालयको खरिद शाखामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं	ठेक्का नं.	योजनाको नाम	जम्मा प्राप्त बोलपत्रहरु	सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना
1	FUDBC/ KTM/BAS/ NCB/ WORKS- 151/081/82	Road and Drainage Upgrading works in Ekdhara Reed Model School upto Bishal Kitchen Road Section, Nagarjun, kathmandu	11	1. Bishwojyoti Builders Pvt. Ltd. KMC- 15, Kathmandu 2. J.S.S.Engineering Services Pvt.Ltd., KMC-30, kathmandu 3. Dolakha-M.B. JV, Kathmandu-14, Kathmandu 4. Bishwojit-Shobha-Smriti JV., Changunarayan-05, Bhaktapur 5. R.M.Nirman Sewa, Kirtipur-17, Kathmandu 6. Bikesh Erika-Natyashwori JV, Dupcheshowr-07, Nuwakot 7. Suru Builders, Kageshwori Manahara,Kathmandu 8. Adhrit Nishan J.V., Jorpati-06, Kathmandu 9. Sagarmatha-Samrat JV, Kathmandu 10. Jalapa Nirman Sewa and Suppliers Tokha-03, Kathmandu
2	FUDBC/ KTM/BAS/ NCB/ WORKS- 162/081/82	Upgrading of Dharapani Patab kundeshwar Ganeshman Singh Lokmarga Road in Shankharapur Municipality-02, Kathmandu (Phase-II)	7	1. Jimba KNC-Nilgiri JV, Dhulikhel-06, Kavre 2. Simran/Sworaj JV, Fataksila-9, Sindhupalchowk 3. Shivadev/R. P/ Pacific-J/v,Kavre 4. BNS-S. B- CHAPUR Joint Venture, Tokha-8, Kathmandu 5. Triveni Lafa–Manichud- Raktakali Joint Venture, Kathmandu
3	FUDBC/ KTM/BAS/ NCB/ WORKS- 163/081/82	Construction of Bajrayogini Hom Danda Park in Shankharapur Municiplity -08, Kathmandu (Phase-II)	6	1. KTM -Jayalaxmi JV, Madhyapur Thimi-6, Bhaktapur 2. Mahabir/Monalisa/ ABS-JV, Banepa-6, Kavre 3. Durpana/Jyang chhyup JV, KMC-03, Kathmandu 4. Aakash/Chaulagain JV, Melamchi, Sindhupalchowk 5. Pashupatinath Construction kathmandu -16, Balaju 6. Jimba- Design-KNC JV, Dhulikhel-06, Kavre

कार्यालय प्रमुख

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना २६ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लिखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानुन अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : चापाकोट शाखा

ऋणीको विवरण

भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०५/२८, स्याङ्जा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२२०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्जा)

२) भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा नं. ९ बस्ने **कमल राज आचार्य** (ना.प्र.नं. : १४१ जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्जा)

३) वैद्य नारायण आचार्यको नाति भुवानी शंकर आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **नेत्र नारायण आचार्य** (ना.प्र.नं. : १२० जारी मिति र जिल्ला : २०४४/११/२१, स्याङ्जा)

४) भुवानी शंकर आचार्यको बुहारी नेत्र नारायण आचार्यको पत्नी स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **श्रीमती थानेश्वरी आचार्य** (ना.प्र.नं. : १४० जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्जा)

५) भुवानी शंकर आचार्यको नाति धातानन्द आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **डिल्लीराज आचार्य** (ना.प्र.नं. : २७२७५ जारी मिति र जिल्ला : २०५५/०३/२०, स्याङ्जा)

२) शाखा कार्यालय : रामपुर पाल्पा शाखा

ऋणीको विवरण

भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०५/२८, स्याङ्जा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२२०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्जा)

२) लेख प्रसाद पंगेनीको नाति अर्जुन प्रसाद पंगेनीको छोरा स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा नं. ९ बस्ने **अविनाश पंगेनी** (ना.प्र.नं. : ४२२०२०/४८ जारी मिति र जिल्ला : २०६७/०२/१३, स्याङ्जा)

३) शाखा कार्यालय : रामपुर पाल्पा शाखा

ऋणीको विवरण

कृष्ण प्रसाद उपाध्यायको छोरी नेत्र नारायण आचार्यको बुहारी आनन्द राज आचार्यको पत्नी स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **मिना आचार्य** (ना.प्र.नं. :४२२०२०/४०१ जारी मिति र जिल्ला : २०६३/११/२६, स्याङ्जा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भुवानी शंकर आचार्यको नाति नेत्र नारायण आचार्यको छोरा स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा नं. ७ हाल, वडा नं. ९ बस्ने **आनन्द राज आचार्य** (ना.प्र.नं. :२५६८५ जारी मिति र जिल्ला : २०५२/०५/२८, स्याङ्जा)

२) भुवानी शंकर आचार्यको बुहारी नेत्र नारायण आचार्यको पत्नी स्याङ्जा जिल्ला चापाकोट वडा नं. ६ हाल, चापाकोट न.पा. वडा नं. ९ बस्ने **श्रीमती थानेश्वरी आचार्य** (ना.प्र.नं. : १४० जारी मिति र जिल्ला : २०४६/०१/१४, स्याङ्जा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्छ